उपराष्ट्रपति

काठमाडौं, नेपाल

# माघी पर्व (माघे संक्रान्ति), २०८२ को शुभकामना

माघी पर्व (माघे संक्रान्ति), २०८२ को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य र निरन्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

नेपालमा प्रत्येक वर्ष माघ १ गते विभिन्न भूगोल, समुदाय र संस्कृतिअनुसार यो पर्वलाई आ-आफ्नै मौलिक नामले उल्लासपूर्वक मनाउने परम्परा रहिआएको छ। थारु समुदायले यसलाई नयाँ वर्षको प्रारम्भका रूपमा 'माघी' भनी मनाउँछन् भने मगर समुदायले मौलिक नयाँ वर्षको रूपमा मनाउने चलन छ। मधेशी समाजमा 'तिला संक्रान्ति', किरात समुदायमा राजा यलम्बरको स्मरणार्थ 'येले सम्वत्', छन्त्याल समुदायमा 'छार म्हेङ' नामले मनाइन्छ। नाम फरक भए पनि यसको मूल भाव भने विविधतामा एकता र सांस्कृतिक गौरवलाई उजागर गर्नु हो।

हिन्दू धर्मावलम्बीहरूले यस दिनलाई पुण्यतिथि मानेर सूर्यदेव र भगवान विष्णुको आराधना गर्छन्। सूर्यदेवको उत्तरायण यात्रा प्रारम्भ हुने दिन भएकाले पवित्र नदीमा स्नान, दान र धार्मिक अनुष्ठान गर्ने परम्परा छ। यसरी मनाइने पर्वले विभिन्न जातजातिका परम्परा र संस्कृतिलाई जीवित राख्दै सामाजिक सद्भाव र धार्मिक आस्थालाई बलियो बनाउँदछ। यस दिन दान-पुण्य गर्ने परम्पराले समाजमा सहयोग, करुणा र सहअस्तित्वको भावना जागृत गर्दछ। विपन्न र असहायलाई सहयोग गर्ने संस्कारले सामाजिक उत्तरदायित्वलाई बलियो बनाउँदछ। साथै, यस पर्वको अवसरमा विभिन्न परिकार तथा कन्दमूलको माग बढ्ने भएकाले स्थानीय बजार, व्यापार र कृषि उपजहरुको प्रवर्धन गर्ने कार्यमा सहयोग पुग्दछ।

माघे संक्रान्तिमा तिल, चिउरा, मुरही, गुड, घिउ र चाकुजस्ता परिकार खाने परम्परा छ। तिलमा पाइने पोषक तत्वले स्वास्थ्यलाई सुदृढ बनाउँछ भने चाकुले ऊर्जा प्रदान गर्छ। गुडले शरीरलाई न्यानो बनाउँछ र घिउले शक्ति सञ्चार गर्छ। मधेशमा तिल, चामल र गुड मिश्रित प्रसाद वितरण गरी आशीर्वाद दिने तथा तिल-गेडागुडीको खिचडी खाने परम्परा छ। यी कृषि उपजहरूले जैविक विविधता, खाद्य सुरक्षा र पोषणमा योगदान पुर्‍याउँछन्।

नेपालमा यसै दिनलाई राष्ट्रिय कृषि जैविक विविधता दिवसका रूपमा पनि मनाइन्छ। संविधानले जैविक स्रोतको संरक्षण र दिगो उपयोगलाई राज्यको नीतिमा समेटेको छ। तीनै तहका सरकारलाई यसको संरक्षणमा जिम्मेवारी दिइएको छ। नेपाल अन्तर्राष्ट्रिय महासन्धिहरूको पक्ष राष्ट्र भएकाले जैविक विविधता संरक्षणको महत्व अझ बढेको छ। यस विषयमा आम नागरिक र सरोकारवाला सबै सचेत भई संरक्षण र दिगो उपयोगमा जोड दिनु आजको आवश्यकता हो।

**अन्त्यमा,** विभिन्न नामले मनाइने चाडपर्वहरूको साझा सन्देश भनेको राष्ट्रियता, भाइचारा, मेलमिलाप, मैत्रीभाव र अपनत्वलाई बलियो बनाउनु हो। नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता र स्वाभिमानलाई अक्षुण्ण राख्दै जनताको अधिकार, स्वशासन र समृद्धिको मार्गमा अघि बढ्न प्रेरणा दिने यो पर्वले हामी सबैलाई हौसला प्रदान गरोस् भनी शुभेच्छा व्यक्त गर्दछु।

धन्यवाद।

२०८२ माघ १ गते बिहीबार।
ने.सं. ११४६ पोहेलागा, द्वादशी।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति